# बौद्ध-ऋषि महाप्रज्ञा

—लेखक—

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

—प्रकाशक—

संघरत्न शाक्य

पूर्णचन्द्र शाक्य

सिद्धिरत्न शाक्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# बौद्ध-ऋषि महाप्रज्ञा

—लेखक—

रत्नसुन्दर शाक्य
"परियत्ति सद्धम्मपालक"

Dhamma.Digital

—प्रकाशक—
संघरत्न शाक्य
पूर्णचन्द्र शाक्य
सिद्धिरत्न शाक्य

Downloaded from http://dhamma.digital

प्रकाशकः—

१) संघरत्न शाक्य — खौमाबहाल, भक्तपुर–१५
२) सिद्धिरत्न शाक्य — तेखाचो, भक्तपुर–१६
३) पूर्णचन्द्र शाक्य — इताछें, भक्तपुर–१७

बु. सं. — २५३७
वि. सं. — २०५०
ने. सं. — १११३
इ. सं. — १९९३

मूल्यः ७।—

Dhamma.Digital

( सर्वाधिकार सुरक्षित )

मुद्रकः—
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं
फो. नं. २२ १० ३२

Downloaded from http://dhamma.digital



बौद्ध-ऋषि महाप्रज्ञा
( वि. सं. १९५८-२०३५ )

Downloaded from http://dhamma.digital

## —समर्पण—

जसले मेरो प्रत्येक पाण्डुलिपिहरूको भाषा
संशोधन गरिदिनुको साथै निरन्तर
प्रेरणा, प्रोत्साहन र सहयोग दिंदै
आउनुभएको छ
वहाँ श्रद्धेय
**प्रा. सुवर्ण शाक्य**
लाई

—रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# दुई शब्द

श्री रत्नसुन्दर शाक्यबाट लिखित "बौद्ध-ऋषि महाप्रज्ञा" बारेको संक्षिप्त सारांशको जीवनी पढें। राम्रो लाग्यो। मेरो साधुवाद छ।

नेपालका धरै विहारहरूमा बुद्ध-मूर्ति बनाई स्थापित गर्ने, चित्र लेख्दै श्रद्धात्मदर्शन विकास गर्ने, त्यस्तै बुद्ध-भजन, बुद्ध-जीवनी, एवं ध्यानभावनासम्बन्धी रचनाहरू लेख्ने जुन कार्य श्री महाप्रज्ञाज्यूबाट भयो, त्यो नेपालको बुद्ध-धर्मको आधुनिक इतिहासको विषय हो।

श्री शाक्यज्यूले विभिन्न बौद्ध पत्रिकाहरूमा स्वदेशी तथा विदेशी थुप्रै बौद्धसाधकहरूका बारेमा लेख्नुभएको छ। यसरी एक-एक व्यक्तिबाट एक-एक क्षेत्रमा लेख्ने काम भएमा मात्र हाम्रा व्यापक दायीत्व पूरा हुनमा ठूलो योगदान हुनेछ। यसमा दुई मत हुने छैन। अस्तु!

श्रीकीर्ति विहार
कीर्तिपुर
३०/२/२०५०

—भिक्षु सुदर्शन

Downloaded from http://dhamma.digital

# आफ्नो कुरा

बौद्धजगत्का स्मरणीय व्यक्तिहरूको जीवनी प्रस्तुत गर्ने क्रममा "बौद्ध-ऋषि महाप्रज्ञा" को संक्षिप्त जीवनी पनि यहाँहरूको समक्ष प्रस्तुत गर्न पाएकोमा मलाई हर्ष लागेको छ।

बौद्ध-ऋषि महाप्रज्ञाको बारेमा यहाँ पुनः केही भनिरहनु आवश्यक ठान्दिन, बरू यस पुस्तकका प्रकाशकहरूको बारेमा केही भन्न चाहन्छु—

श्रद्धेय संघरत्न शाक्य ( जन्म- वि. सं. १९९९ ), पूर्णचन्द शाक्य (जन्म- वि. सं १९९८) र सिद्धिरत्न शाक्य ( जन्म- वि. सं. २००५ )— "बौद्ध सङ्घ भक्तपुर" का संस्थापक सदस्यहरू हुनुहुन्छ। वहाँहरूको अतिरिक्त अन्य २ जना संस्थापक सदस्यहरू हुनुहुन्छ— स्व. भीमराज बज्राचार्य ( वि. सं. १९९९-२०४२ ) र धर्मसुन्दर शाक्य (हाल भिक्षु धम्मशोभन स्थविर, जन्म- वि. सं. २००२)।

वहाँहरू ५ जना मिली आजभन्दा २२ वर्षअगाडि पूज्यवर भिक्षु विवेकानन्द महास्थविर ( वि. सं. १९७३-



Downloaded from http://dhamma.digital

२०४२ ) को धर्मानुशासकत्त्वमा १८ आश्विन २०२८, कार्तिक पूर्णिमाका दिन भक्तपुरको लोकेश्वर विहारमा "बौद्ध सङ्घ भक्तपुर" को जन्म ( स्थापना ) भएको थियो।

त्यसबेला भिक्षु विवेकानन्द महास्थविर, खौमा-बहालका उपासक संघरत्न शाक्य र वहाँका पूज्य माता चिरीमाया शाक्यको विशेष निमन्त्रणामा स्थानीय लोकेश्वर विहार ( गुम्बा ) मा वर्षावास बिताउन आउनुभएको थियो।

"बौद्ध सङ्घ भक्तपुर" को विशेष प्रयत्नमा जीर्णा-वस्थामा पुगिसकेका भक्तपुरका केही बहा-बहीहरूमध्ये एक रहेको "कुटु-बही" लाई "बौद्ध समंकृत विहार" को रूपमा ल्याइसकेपछि, त्यस सङ्घ एवं विहारको तर्फबाट विभिन्न क्रियाकलापहरू हुँदै आएको कुरा स्थानीय जनताहरूले अवबोध भइ नै रहेको हो, जसबाट भक्तपुरमा स्थविरवाद बुद्ध-धर्म प्रज्वलित हुँदै आएको कुरा हामी महशूस गर्दछौं।

"बौद्ध सङ्घ भक्तपुर" स्थापना भएको १५ वर्षपछि भक्तपुरका केही युवाहरू, जसमा बौद्ध सङ्घ भक्तपुरका सदस्यहरू पनि थिए, मिली ७ पौष २०४३ का दिन "युवा बौद्ध पुचः" को स्थापना भएको थियो। यस पुचः को



Downloaded from http://dhamma.digital

तर्फबाट पनि विभिन्न क्रियाकलापहरू गर्दै आएबाट भक्तपुरमा बुद्ध-धर्मको प्रचार प्रसारमा केही मात्रामा भए पनि स्थानीय जनमानसलाई प्रभावित गर्दै आएको कुरा, हामीले महशूस गरेका छौं।

यस पंक्तिका लेखक पनि २०४२ साल भाद्र १ गतेका दिन सम्पन्न भएको "बौद्ध सङ्घ भक्तपुर" को पाँचौं अधिवेशनदेखि त्यस सङ्घको कार्यकारिणी सदस्य भई सङ्घका विभिन्न क्रियाकलापहरूमा सहयोग गर्ने मौका प्राप्त गर्दै आएको छु जसबाट विशेषतः बौद्ध सङ्घ भक्तपुरका संस्थापकहरू एवं अन्य बुज्रुग मित्रहरूसित सत्संगत गर्नपाएबाट जीवनमा एक सन्तोष एवं आत्मोत्थानको निमित्त केही न केही योगदान (प्रोत्साहन) रहेको कुरा आफूले महशूस गरेको छु। पुनः आशा गर्दछु, यहाँहरू एवं अन्य हितचिन्तक मित्रहरूबाट सदा-सर्वदा आवश्यक सरसल्लाह एवं सहयोग प्राप्त हुने नै छ।

यस पंक्तिका लेखकले यकिन ( निश्चय ) रूपमा बौद्ध-ऋषि महाप्रज्ञाको दर्शन सिर्फ एकपटक मात्र गर्न पाएको थियो। त्यसबेला ( २०२२-२३ साल ) वहाँ भक्तपुरका श्रद्धावान् उपासक ( विशेषतः सम्यक्रत्न बज्राचार्य—हाल भिक्षु सम्यक्ज्योति) हरूको अनुरोधमा क्वाठण्डौटोलस्थित दीपङ्कर विहारमा धर्मोपदेश गर्न आउनुभएको थियो।



Downloaded from http://dhamma.digital

आफूलाई शायद आमा या दिदीहरूले साथ लगेको हुनुपर्छ। त्यसबेला आपनो ध्यान सिर्फ वहाँको दाढी (चेहरा) मा केन्द्रित रहेको थियो। यो एउटा मेरो अविस्मरणीय बाल्यस्मृति थियो।

अहिले आएर यसरी वहाँ एवं अन्य विशिष्ट बौद्ध विद्वान्, साधक र अन्वेषक आदिहरूको जीवनी लेख्दै जान (रहन) पाएबाट उहाँहरूसित निकटतम मानसिक सम्पर्क (आत्मीयता) रहँदै आएको अनुभव गर्दछु। यहाँहरूले पनि महान् पुरुष (व्यक्ति) हरूको जीवनी पढी आ-आफूले मानसिक लाभ (आत्मोत्थान) गर्दै जानेछ भन्ने आशा गर्दछु।

अन्तमा, यस जीवनीको भाषा संशोधन गरिदिएकोमा प्रा. सुवर्ण शाक्य, "दुई शब्द" लेखि दिनुभएकोमा भिक्षु सुदर्शन महास्थविर, पुस्तक प्रकाशन गर्ने अभिभारा लिइ-दिएकोमा बौद्ध सङ्घ भक्तपुरका उपर्युक्त संस्थापकहरू एवं स्पष्टरूपमा सुपाठ्य हुने गरी पुस्तक छपाइको काय गरिदिएकोमा "नेपाल प्रेस" लाई पनि हृदयदेखिको धन्यवाद छ।

२ आषाढ २०५०
थालाछें, भक्तपुर-४।

—रत्नसुन्दर शाक्य



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

मित्र रत्नसुन्दर शाक्यज्यू, जसले "नेपाल बौद्ध परियत्ति शिक्षा" बाट "परियत्ति सद्धम्मपालक" उपाधि हासिल गरिसक्नुभएको छ।

वहाँले आफ्नो लेखनीलाई अविरल गतिमा अगाडि बढाउँदै लग्नुभएको फलस्वरूप आज हाम्रो बौद्ध साहित्यको भण्डारमा विभिन्न अनमोल रत्नहरू थप्दै जानुभएको छ। तीनै रत्नहरू मध्ये एउटा रत्न "बौद्ध–ऋषि महाप्रज्ञा" पनि हुन आएको छ। वहाँको प्रयासप्रति हामी सबै साधुवाद नदिई रहन सक्तैनौं।

नेपालमा स्थविरवाद बुद्ध–धर्म आज जुन खुड्किलोमा हामी देख्दैछौं त्यसमा तिब्बतबाट नेपालको बौद्ध तीर्थस्थल (स्तूप) हरूमा पाल्नुहुने महायानी लामाहरूको प्रेरणालाई यस पुस्तकले स्पष्ट गरेको छ। बौद्ध–ऋषि महाप्रज्ञा साँच्चैकै बौद्ध धर्मको प्रचार–प्रसार र विकासमा जुन महत्त्वपूर्ण भूमिका खेल्न सफल हुनु भो त्यसको शुरूको श्रेय तीनै लामाहरूलाई दिनु अनुचित नहोला।



Downloaded from http://dhamma.digital

यही क्रमले बौद्ध–साहित्यमा आफ्नो लेखनी अगाडि बढाउन सफलता मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दै यस पुस्तक प्रकाशन गर्ने सुवर्ण अवसर हामीले पाएको मा लेखकप्रति आभारी छौं ।

उप–प्राध्यापक
सिद्धिरत्न शाक्य,
संघरत्न शाक्य
र
पूर्णचन्द्र शाक्य



Downloaded from http://dhamma.digital

# बौद्ध ऋषि महाप्रज्ञा

आधुनिक युगमा, नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार (पुनरुत्थान) गर्नेहरूमा महाप्रज्ञा गुरु प्रमुख व्यक्ति हुनुहुन्छ।

वहाँको जन्म वि. सं. १९५८ (सन् १९०१) सालको जेष्ठ शुक्ल द्वितीयाको दिन कान्तिपुर (काठमाडौं) को न्हूघल टोलमा भएको थियो। पिता कुलनारायण नाय्जू र माता हीरामाया नाय्जूद्वारा बालकको नाम "नानिकाजी" राखियो।

वहाँहरूको घरको आसपास रामचन्द्रको एक मन्दिर छ, जहाँ पुजारीको रूपमा एक ब्राह्मण रहन्थ्यो। त्यही ब्राह्मण-द्वारा नानिकाजीलाई अक्षराम्भ गराइएको थियो। पछि आएर नानिकाजीको सङ्गत गाइजात्राको समयमा नचाइने नाच गान तयार गर्ने मित्रहरूसित हुन गयो।

यसरी नानिकाजी १३ वर्षको उमेरदेखि भजन, नृत्य, सङ्गीत र वाद्यवादन आदिमा दक्षता हासिल गर्दै जानुभएको थियो। वहाँको योग्यतालाई उपयुक्त ठानी वि. सं. १९७७



Downloaded from http://dhamma.digital

सालमा एक हितैषीले वहाँलाई नारायणहिटी राजदरबारमा त्यस विषयमा भइरहेको तालिममा भर्ना गरिदिए, जसमा सफलता पाउनु भएपछि वहाँलाई तालिम दिनुभएका वेदविक्रम कर्णेलले राजा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि. सं. १९६१–२०११) का हजुरिमा मनोरञ्जन गराउने व्यक्तिको रूपमा राखिदिए। अतः नानिकाजी, पछि वहाँले आफ्नो नाम प्रेमबहादुर श्रेष्ठ राख्नुभएको थियो। वहाँ श्री ५ त्रिभुवनका परिचित व्यक्तिमा रहनुभयो।

वि. सं. १९८० मा प्रेमबहादुर श्रेष्ठले राजदरबारको जागिरी–जीवन छोडी, आफ्नै टोलमा "एकादशीको महात्म्य" सम्बन्धी एउटा खेल तयार गर्नमा लागे। नारायणहिटी राजदरवारमा नगएको कारण वेदविक्रम कर्णेलले पुलिसहरू पठाई खोजखवर गराएका थिए। ती पुलिसहरूले भेट्टाउन नसकेको कारण मात्र बचेको थियो नत्र वहाँ जस्तै जागिर छोडेका तुलसी मानन्धरले जस्तै पटक–पटक गरी वेदविक्रम कर्णेलको कोर्दा खानु पर्नेवाला थियो।

साहसको कुरा हो ! वहाँले वि. सं. १९८० र १९८१ दुई वर्षमै दुइवटा पर्दावाला खेल (नाटक) तयार गरी नारायणहिटी भित्रै देखाई उम्कन सफल हुनुभएको थियो। नारायणहिटीमा देखाउनुपर्नाका खास कारण खेल तयार गर्नमा लागेको खर्च (रकम) थियो, जुन श्री ५ त्रिभुवनबाट



Downloaded from http://dhamma.digital

रू. २००।– बक्सिस पाएपछि व्यहोरिन्थ्यो। पहिलो साल (वि. सं. १९८०) मा भरिया पोशाक लगाई वेद विक्रम कर्णेलको हातबाट उम्कन सफल हुनु भएको थियो भने दोस्रो वर्ष (वि. सं. १९८१) आफ्नो आँखा टेढो (डेढो) गरी सफल हुनु भयो साथै नामबाट पनि मद्दत मिलेको थियो, कारण वहाँले वेद विक्रम कर्णेलकहाँ आफ्नो नाम प्रेमबहादुर श्रेष्ठ लेखिराखेको थियो। एक–एक गरी जाँच गरिएको बेला वहाँको नाम सोद्धा वहाँका मित्रहरूले "नानिकाजी" भनिदिए। अतः आँखा र नाम नमिलेकोले वहाँलाई छाडिदिएको थियो। यसरी दुई सालमै वेद विक्रम कर्णेलका पञ्जाबाट उम्कन वहाँ सफल हुनुभएको थियो।

प्रेमबहादुर श्रेष्ठको यस किसिम (नाच–गान आदिमा मात्र लागिरहनु) को क्रियाकलापबाट वाक्क लागी माता–पिताले वहाँलाई परदेशतिर घुमेर आउने सल्लाह दिनुभयो। कहिल्यै उपत्यका बाहिर नगएका वहाँलाई उपत्यका बाहिर पठाउन थानकोटसम्म पितालेनै छोड्न जानु भएको थियो र भन्नुभएको थियो—

"यहाँबाट ४ दिन गएपछि तिमी रक्सौल पुग्नेछौ। रक्सौलमा रेलबाट तिमीलाई जहाँ जाने इच्छा छ, त्यहाँ जान सकिन्छ।"



Downloaded from http://dhamma.digital

पिताको कुरालाई मनन गर्दै प्रेमबहादुर हेटौडाको बाटोहुँदै हिँड्दै हुनुहुन्थ्यो। बाटोमा वहाँले टेबहालका एक परिचित व्यक्तिलाई भेटी सोध्नुभयो—

तपाईं कहाँ जानुहुन्छ? त्यसले जवाफ दियो— धरानमा मेरो छोरा छ, त्यहीं जाने। अलपत्र (निरुद्देश्य) मा हिँडिरहेका प्रेमबहादुर श्रेष्ठलाई त्यस परिचित व्यक्तिले धरानमा साथै लग्यो। त्यहाँ प्रेमबहादुरले टोपीको व्यापारको काम शुरू गर्नुभयो तर केही महिनापछि नै गाइजात्राको समय नजदिक आएको याद आई त्यसबाट आफू विचलित भएको कारण असह्य भई अन्य एक परिचित बन्धुकी पत्नीसित आधा माना रक्सी लिई, पिई बेसुरमा तरी नामक जङ्गलतर्फ आउँदै गरे। जाँदाजाँदै दिन बित्यो, रक्सीको सुर पनि घट्यो, बाटैमा पुनः नेपाल (कान्तिपुर) आउने व्यक्तिहरूसित भेटघाट भयो र केही दिनमै काठमाडौं आइपुग्नुभयो।

वहाँ काठमाडौं आइपुग्नुभएको केही दिनपछि एक दिन वहाँका एक मित्र दालिचनी मानन्धरले वहाँलाई आफ्नो पसलमा बोलाई भन्नुभयो— "मित्र! हाम्रो देशमा जहाँतहीं राम, कृष्ण, हरि, हर (महादेव) आदि देवताहरूको मात्र भजन गान हुन्छ, हामीहरूको बुद्ध भगवानको भजन गाउने कहीं कतै देखिँदैन। तपाईं गीत, भजन आदि तयार गर्न सक्नुहुन्छ। अतः बुद्ध भगवान्को पनि एक दुइटा भजन



Downloaded from http://dhamma.digital

तयार गरिदिनोस् ।" त्यति भनी त्यस मानन्धर–मित्रले पं. निष्ठानन्द बज्राचार्य ( ने. सं. ९७८–१०५५ ) ले लेख्नु भएको "ललितविस्तर" नामक बुद्ध–जीवनीको ग्रन्थ एउटा दिनुभयो।

त्यस ग्रन्थको पूर्ण अध्ययन मनन गरिसकेपछि प्रेमबहादुर श्रेष्ठले एक दुइ वटा गर्दै एउटा भजनमाला नै तयार गर्नुभयो।

त्यसैताका ( फागुन, वि. सं. १९८१ ) नेपालमा तिब्बतको खाम् (अम्दो) प्रदेशबाट 'कुनसां लोसेल' नामक एक लामा आइपुग्नुभएको थियो। नेपालका सुप्रसिद्ध चैत्यहरू (नमोबुद्ध, स्वयम्भू र बोधनाथ) दर्शन गर्न आउनुभएका वहाँ लामाले पछि आएर ठाउँ–ठाउँमा धर्मोपदेश दिँदै जानुभएको थियो, साथै ठाउँ–ठाउँमा (श्रद्धावान्हरूको घर–घरमा) पूजा पाठ पनि गर्दै आउनुभएको थियो।

यसैक्रममा एकदिन लगनटोलस्थित हीरारत्न शाक्यको घरमा छोपूजा गरिरहेको बेला मित्र दालिचनी मानन्धरले प्रेमबहादुर श्रेष्ठलाई त्यहाँ देखाउन लगेको थियो। शुरूमा त्यस पूजालाई देखावटी सम्झी हीनभावले हेर्नुभएका प्रेमबहादुर श्रेष्ठले पछि क्यान्छ्या लामाको उपदेश सुनी प्रभावित हुँदै जानुभयो। क्यान्छ्या लामाको उपदेश (तिब्बती)लाई नेपाल-भाषामा अनुवाद यटखा बहालका तिब्बतीभाषाविद् बेखारत्न



Downloaded from http://dhamma.digital

ताम्राकारले गरिदिन्थ्यो भने त्यसलाई पुनः विस्तृत रूपमा व्याख्या पाटनका पं. बुद्धिराज शाक्यले गरिदिन्थ्यो ।

विशेषतः क्याञ्छ्या लामा (निधन–२२ कार्तिक १९९८ लक्ष्मीपूजा, ने. सं. १०६०) का ४ रत्न ( अष्टादशलक्षण, संसार अनित्य, षदगति सम्बन्धी दुःख र कर्मानुसार विपाकको फल) बारे धर्मोपदेशबाट प्रेमबहादुर श्रेष्ठ निकै प्रभावित हुनुभयो । पछि वहाँले क्याञ्छ्या लामालाई नछोडिकन सेवा गर्दैरहे । जब लामाले तिब्बत फर्कने कुरा शुरू गर्नुभयो तब प्रेमबहादुरले पनि साथै जान आग्रह गर्नुभयो तर प्रेमबहादुरको यौवनावस्था (२२/२३ वर्ष) देखि तिब्बतमा पुग्न (जान) असमर्थ होला भन्ने शङ्का गरी एक्लैमात्र स्वदेश फर्कनुभएको थियो । क्याञ्छ्या लामा त प्रस्थान गर्नुभयो तर प्रेमबहादुर श्रेष्ठको वैराग्य भावना यथावतै रहेको थियो तसर्थ जस्तो भित्रीमन, बाहिर पनि त्यस्तै स्वभाव ( परिस्थिति ) हुन आयो – वैराग्यपूर्ण भजन गाउनु, घरमा गृहलक्ष्मी एवं मातापिताको कठोर वचन (कमाई नल्याएको), नाताकुटुम्ब-हरूले आफ्नो कुलधर्म (हिन्दू) छोडी बुद्ध–धर्ममा लागिरहेको कारण हेलचक्र्याइँ आदि थियो ।

यस्तैमा कान्तिपुरमा "कुश्योरिम्पोछे" नामक अन्य एक लामा स्वयम्भूस्तूपको दर्शनार्थ आइपुग्नुभयो । वहाँ लामाज्यू तंलाछि (त्यौड) मा धर्ममान साहू (वि. सं. १९१८–



Downloaded from http://dhamma.digital

१९९४) को घरमा रहनुभएको थियो। त्यहीँ प्रेमबहादुर श्रेष्ठलाई वहाँको दर्शन गर्न पाइएको थियो। प्रेमबहादुर श्रेष्ठ 'ललितविस्तर' ग्रन्थको अध्ययन मनन पश्चात् "सर्वार्थ-सिद्ध" नामक नाटक बनाउने दौरानमा सहायतार्थ बराबर धर्ममान साहूकहाँ पुग्ने गर्नुहुन्थ्यो।

प्रथम पटकको दर्शनमै प्रेमबहादुर श्रेष्ठ लामा कुश्योरिम्पोछेबाट प्रभावित हुनुभएको थियो। क्याग्छ्या लामाले अपूर्ण गरिदिएको वहाँको लक्ष्य कुश्योरिम्पोछेको तर्फबाट पूर्ण गर्ने अभिप्रायले प्रेमबहादुर श्रेष्ठले धर्ममान साहूलाई द्विभाषिया बनाई आफ्नो इच्छा लामाज्यूसमक्ष जाहेर गर्नुभयो तर लामा कुश्योरिम्पोछेले पनि वहाँलाई विश्वास गर्नुभएन, वहाँको कलिलो उमेरको कारण।

लामा कुश्योरिम्पोछे नेपालका विभिन्न दर्शनीय स्थलहरूको अवलोकन गरिसकेपछि एक दिन बिहान सबेरै तिब्बतको निमित्त प्रस्थान गरिनैहाले। त्यही दिन बिहानै प्रेमबहादुर धर्ममान साहूको घरमा पुगेको बेला लामाज्यू रहनुभएको कोठा खाली भएको देखनासाथ अफशोच गरी घर फर्कनुभयो। वहाँ दिनभर छटपटिनुभयो र रातभर मनमा कुरा खेलाई बिहान सबेरै तोपको आवाजपछि आफ्नो पत्नीलाई "स्वयम्भू स्तूप" मा एकचोटि गएर आउँछु र त्यहाँ एक मित्रलाई भेटनु छ, विस्तार हुनेछ, खानाको निमित्त



Downloaded from http://dhamma.digital

र्खिराख्नुपर्दैन" भनी भित्री आशय अन्य राखी वहाँले सदाको निमित्त आफ्नो घरबार त्यागी वीरबल रञ्जितकार नामक एक हितैषी मित्रको तर्फबाट खानपानको प्रबन्धको निमित्त आवश्यक केही सरसामानहरू र धर्ममान साहूसित अनुमतिका साथ केही द्रव्य सहयोग पाएपछि सरासर लामाज्यू जानुभएको बाटो ( ल्हुती–थमाथू–न्याग:मणि–रानीपौवा–तारी नदी ) लागे। लामाज्यूको दुइ दिनको बाटो–आफूले एक दिनमा पुगी तारी नदीको किनार (लामा बास बसेको ठाउँ) मा पुग्नुभयो। प्रेमबहादुरलाई देख्नासाथ लामा कुश्योरिम्पोछे छक्क हुनुभयो र वहाँको आकांक्षालाई खुशीसाथ स्वीकार गर्नुभयो। त्यहाँ देखि वहाँहरू सबै ३ दिनको बाटो गरी 'केरूङ्ग' पुग्नु भएको थियो। विशेषत: प्रेमबहादुर श्रेष्ठको बार–बारको प्रार्थना–पश्चात् लामा कुश्योरिम्पोछेले वहाँका साथै अन्य दुइजना नेपालीलाई पनि केरूङ्गस्थित "फाक्पा गुम्बा" मा लगी प्रव्रजित गराए। प्रव्रज्यापश्चात् वहाँहरूको नाम यसप्रकार भयो—

१) प्रेमबहादुर श्रेष्ठ — पल्धेन श्यरब।
२) हर्षदेव शाक्य — पल्धेन ख्यरब र
३) बुद्धरत्न (कान्छा) शाक्य — पल्धेन दावा।

यसरी प्रेमबहादुर एवं अन्य दुइजना मित्र महायानी ढङ्गबाट सन् १९२४ मा प्रव्रजित ( छ्येलुं ) भएको केही



Downloaded from http://dhamma.digital

हप्तापछि केरूङ्गबाट फर्कनुभयो। पल्धेन् ख्यरब एकजना त्रिशूलीबाट गोर्खा आरूघाटतिर गएको कारण पल्धेन श्यरब र पल्धेन दावामात्र कान्तिपुर फर्कनुभयो।

त्यसबेला कान्तिपुरमा "छेरिन्नोर्बु" नामक एक जटाधारी तपस्वी (लामा) खामबाट आइपुग्नु भएकोथियो। वहाँ सरकारसित अनुमति लिई नागार्जुन डाँडा (जामाःच्व) मा रही आफ्नो समाधिचर्य्यामा रहँदै थिए। वहाँहरू दुइजना (पल्धेन श्यरब र पल्धेन दावा) पनि वहाँको सत्सङ्गमा रहनुभयो। पछि अन्य ३ जना श्रद्धावानहरू पनि गुरु छेरिन्नोर्बुका शिष्य भई छ्येलुँ हुन आए। तिनीहरूको नाम गुरुको आज्ञानुसार पल्धेन श्यरबले नै यसप्रकार राखिदिए—

१) दालिचनी मानन्धर — पल्धेन छुल्थिङ्ग।
२) बेखाराज शाक्य — पल्धेन चुन्दि र
३) ज्ञान शाक्य — पल्धेन नर्बू।

यहाँहरू ३ जना लगायत वहाँहरू ५ जनाको तिब्बती नामको अर्थ यसप्रकार भए—

१) पल्धेन श्यरब — महाप्रज्ञा।
२) पल्धेन दावा — महाचन्द्र।
३) पल्धेन छुल्थिङ्ग — महाज्ञान।
४) पल्धेन चुन्दि — महावीर्य।
५) पल्धेन नर्बू — महाक्षान्ति।



Downloaded from http://dhamma.digital

यसप्रकार वहाँहरू ५ जना च्येलुँले छेरिङ्नोर्बु लामाको छत्रछायामा रही बुद्ध-धर्मको ज्ञान बृद्धिगर्दै लग्नुभयो। गुरुको उपदेशलाई मनन गर्दै त्यसलाई मातृ भाषा (नेपाल-भाषा) मा अनुवाद गरी ठाउँ-ठाउँमा छाप्दै हिँड्नुभयो जसबाट दर्शकवर्गले हेरी बुद्ध-धर्मको परिचय थाहा पाउँदै गए ।

त्यसबेलासम्ममा वहाँहरूको पहिरणमा एकरूपता भएको थिएन, न कुनै भिक्षुको दर्शन नै वहाँहरूले पाउनु भएको थियो, अतः वहाँहरूले बहाल-बहिलहरूमा चित्रित एवं मुद्रित अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरहरूका मूर्तिमा देखिएअनुरूप पहिरण बनाई एउटा-एउटा पिण्डपात्र हातमा लिई भिक्षाटन कार्य प्रारम्भ गर्नुभएको थियो ।

शताब्दियौंदेखि बुद्ध-धर्मलाई लोप गर्ने पक्षमा सक्षम रहेका कट्टर शक्तिसम्पन्न ब्राह्मणहरूलाई वहाँहरूको प्रादुर्भाव असह्य भयो। अतः ती हिन्दूधर्मान्ध ब्राह्मणहरूले पंक्तिबद्ध-रूपमा भिक्षाटन गर्दै आइरहनुभएका बौद्ध भिक्षुहरूलाई एकदिन श्री ३ चन्द्रशम्शेर ( शासनकाल सन् १९०१-२९ ) समक्ष पुऱ्याउन सफल भए। त्यस समयावधिभित्रमा बुद्ध-धर्म विरोधी सम्पूर्ण तत्त्वहरू मिली त्यसभन्दा अगाडिसम्म नरहेको कानून तयार गरिसकेको थियो जसअनुसार—



Downloaded from http://dhamma.digital

१) शिवमार्गी ( हिन्दू ) बाट बुद्ध–धर्ममा दीक्षित हुनेलाई दीक्षा छुटाएर पनि एक वर्ष कैद ।

२) दीक्षा दिने गुरुलाई ३ वर्ष कैद ।

३) बुद्ध मार्गमा दीक्षित हुन खोज्नेलाई ६ महिना कैद ।

यी कानूनहरू विशेषत: शिवमार्गीहरू बुद्ध–धर्म (मार्ग) मा दीक्षित नगराउनको निमित्त थियो तर बुद्धमार्गीहरू शिवमार्ग (हिन्दू धर्म) मा दीक्षित भएमा खुशीसाथ स्वीकार्य थियो— यस्तो थियो नेपालमा धर्मपालनको विधिविधान ।

५ जना ती छ्येलुँहरूमा महाप्रज्ञा (प्रेमबहादुर) श्रेष्ठ जातिको हुनुहुन्थ्यो । अत: हिन्दूकुलमा जन्मेर बुद्ध–धर्ममा दीक्षित भएको (प्रव्रज्या ) कारण वहाँ दोहोरो अपराधी ठहरिनुभएको थियो । अत: ५ जनामा वहाँलाई नै धेरै कडाइका साथ केरफेर गरिएको थियो, बाँकी अन्य ४ जनामा ३ जना शाक्य एवं एक जना मानन्धर हुनुका कारण बौद्ध जाति नै हुनाको कारण तिनीहरूलाई त्यति केरफेर गरिएको थिएन ।

अन्तमा सत्ताधर पक्षका ब्राह्मणहरूको नै जीत भयो र ५ जना बौद्धभिक्षु (छ्येलुँ) हरूलाई वि. सं. १९८२ को श्रावण महिनामा देशबाट निर्वासित गर्न तिनीहरू सफलभए, यसको लगत्तै छेरिन्नोर्बु गुरुलाई पनि नागार्जुन डाँडाबाट झिकाई



Downloaded from http://dhamma.digital

१००।– रूपियाँ जरिवाना गऱ्यो र बनपालेलाई पनि ५०१– रूपियाँ जरिवाना गरियो। गुरु छेरिङ्नोर्बुको जरिवाना सुब्बा विहारीलाल श्रेष्ठ (नेपालभाषाका सुप्रसिद्ध साहित्यकार स्वयम्भूलाल श्रेष्ठका ठूलोबुबा) ले तिरिदिनुभएको थियो जो त्यसबेला पाटन (ललितपुर) मा रहनुहुन्थ्यो। गुरु छेरिङ्नोर्बु पनि नेपाल छोडी रक्सौल पुग्नुभयो र वहाँ रक्सौल बजारमा रहनु भएका विहारीलाल श्रेष्ठका कनिष्ठ भाइ ईश्वरीलाल श्रेष्ठ (स्वयम्भूलाल श्रेष्ठको बुबा) कहाँ रहनुभएको थियो। गुरु छेरिङ्नोर्बु पुग्नुभएको भोलिपल्टै ५ जना निष्कासित च्येलुँहरू पनि त्यहीँ आइपुगे।

वहाँहरू ५ दिनसम्म धर्मचर्चा एवं निष्कासित गरिएको कुराबारे छलफलादि गरी छैठौं दिनमा भगवान बुद्धले बोधिज्ञान प्राप्तगर्नुभएको ठाउँ 'बोधगया' तर्फ प्रस्थान गरे। त्यहाँ वहाँहरूले 'ऊ कोशाला' नामक एक स्थविरवादी भिक्षुलाई दर्शन गरे, वहाँको शान्तरूप, पहिरन र शीलाचरण आदिबाट प्रभावित भई गुरु छेरिङ्नोर्बु सहित पाँचैजना च्येलुँहरूले स्थविरवाद अनुरूप श्रामणेर भई काषायवस्त्र लगाए र मध्याह्न (विकाल) पश्चात नखाने नियमका साथ अन्य श्रामणेर नियम (विनय) हरू सिक्दै पालन गर्दै लगे।

वहाँहरू २ हप्ताजति बुद्धगयामा रहनु भई कलकत्ता प्रस्थान गर्नुभयो र कलकत्तामा धर्ममान साहूको कोठीमा



Downloaded from http://dhamma.digital

रहनुभयो । त्यहाँ केही दिन रही "महाबोधि सभा" को धर्मराजिक विहारमा रहनुभयो। त्यहीँ नेपालका एक शिक्षित नवयुवक जगतमान वैद्य, जो धर्मादित्य धर्माचार्य बनिसकेका थिए ले वहाँहरूलाई आफ्नो देशबाट गरेको अन्याय र अत्याचारको बारे पूरा विवरणका साथ वहाँहरू छ जनैको फोटो समेत छापी विभिन्न पत्रिकाहरूमा प्रचार प्रसार गरेका थिए। गुरु छेरिन्नोर्बुको आग्रहमा धर्मादित्य धर्माचार्यले पाँचै जना शिष्यहरूलाई आधुनिक ढङ्गबाट शिक्षा दिने प्रवन्ध गरे।

कलकत्तामा एक डेढ महिना रही वहाँहरू विशेषकारण-वश कालिम्पोङ्ग जानुभयो। कालिम्पोङ्गमा धर्ममान साहूको आग्रह अनुरूप भाजुरत्न साहू (वि. सं. १९४०–२०१३) ले वहाँहरूलाई उचित प्रबन्ध गरी त्रिपाईस्थित एउटा गुम्बामा राखिदिनुभयो। त्यहीँ वहाँहरूलाई पुनः त्यहाँका प्रमुख लामा 'ध्येसेरिम्पोछे' ले ध्येलुँ (महायानी रूप) गरिदिनु भयो।

त्रिपाईस्थित त्यस गुम्बामा रहनुभएको बेलामै एक दिन महाप्रज्ञा गुरु छेरिन्नोर्बुसित अनुमति लिई दार्जिलिङ्ग एकपटक घुम्न जानुभयो। दार्जिलिङ्गमा वहाँका एक हितैषी मित्र (नारायणदास श्रेष्ठ) ले यसरी घुमफिरमात्र गरिरहनु ठीक छैन, केही अध्ययन मनन पनि गर्नुपर्छ भन्ने सल्लाह दिई कलकत्तासम्म जाने बन्दोबस्त पनि मिलाइदिए जसअनुसार



Downloaded from http://dhamma.digital

महाप्रज्ञा कलकत्ता पुग्नुभई पहिले रहेकै ठाउँ "धर्मराजिक विहार" मा रहनुभयो।

त्यहाँ रही धर्मादित्य धर्माचार्य र महाबोधि सभाका प्रधानमन्त्री देवप्रिय बलिसिह्ना (सन् १९०४-६८) सित केही विद्याध्ययन गर्दैरहेको बेला देवप्रियसित विचारमा केही मतभेद हुन गएको कारण कलकत्ता छोडी बनारस एकपटक घुम्न जानुभयो। बनारस (बाराणसी) मा केही दिन रही बुद्धगया जानुभयो र बुद्धगयामा वहाँको भेट सुगतकान्ति नामक एक उपासकसित भयो। त्यस उपासकले एउटा खालि जग्गा देखाई भन्नुभयो—

"यो जग्गा बर्माको ऊ॰ ज्योतिका नामक भिक्षुले विहार बनाउनको निमित्त लिइराखेको थियो, तर वहाँ विहार बनाउन नपाउँदै निधन हुनुभयो। अतः तपाईंले यहाँ आउने यात्रुहरूसित चन्दा लिइ विहार एउटा तयार गरी रहनुहोस्।"

महाप्रज्ञा गुरुले उपासकको कुरालाई सही ठान्नी यात्रु दाताहरूसित चन्दा लिदै-गर्दै १०,०००।- लागतमा एउटा विहार तयार गर्नुभएको थियो। पछि आएर त्यस विहारमा आफ्नो ममत्व बढ्दै आएको कारण त्यसलाई मार सम्झी वहाँ केही दिनमै कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो।

कालिम्पोङ्गमा गुरु छेरिङ्नोर्बु ह्लासा जान तत्पर थिए। वहाँले महाप्रज्ञालाई पनि साथ लाने विचार गरी केही प्रबन्ध



Downloaded from http://dhamma.digital

गर्नको निमित भद्रपुर (झापा) एकचोटी आउनु भयो, त्यहाँ सुब्बा विहारीलाल श्रेष्ठसित चन्दास्वरूप केही रकम प्राप्त गरी वि. सं. १९८३ को जेष्ठ महिनामा कालिम्पोङ्गबाट ल्हासातर्फ प्रस्थान गर्नुभयो।

कालिम्पोङ्गबाट प्रस्थान गर्नुभएको सातौं दिनमा वहाँहरू (गुरु छेरिङ्नोर्बु र महाप्रज्ञा एवं अन्य व्यापारी) फारी पुग्नुभयो। फारीमा वहाँहरूको भेट दशरत्न साहू (पछि भिक्षु धम्मालोक) सित पनि भएको थियो। फारीमा केही दिन रही वहाँहरू पुनः प्रस्थान गर्नुभयो र पाँचौं दिनमा 'ग्याँची' पुग्नुभयो। ग्याँचीमा वहाँहरू धर्ममान साहूको कोठी "छु-सिङ-श्या" को शाखामा रहनुभएको थियो। त्यहाँ रहँदै जाँदा मांसाहार सम्बन्धमा गुरु छेरिङ्नोर्बुसित पनि मतभेद हुन आएको कारण महाप्रज्ञा एक्लै र अन्य २ जना साहूकासाथ ल्हासा प्रस्थान गर्नुभएको थियो। ग्याचीबाट प्रस्थान गर्नुभएको नवौं दिनमा वहाँ ल्हासा पुग्नुभयो।

ल्हासामा वहाँको सम्पर्क साँखूका साहू जोगनारांसित हुन गयो, जो त्यसताका ल्हासाका एक प्रतिष्ठित एवं शूरवीर व्यक्ति थिए। त्यही साहूले महाप्रज्ञालाई ल्हासाको एक प्रसिद्ध गुम्बा "क्येचाँश्यार" का सुप्रसिद्ध लामा फोरंखा रिम्पोछेका एक प्रमुख शिष्यको हातमा सुम्पिदिए, जो तर्कशास्त्रका महान् आचार्य थिए। त्यस आचार्यले महाप्रज्ञा-



Downloaded from http://dhamma.digital

लाई "लाम्रही" नामक ग्रन्थ अध्ययन गराउनु भएको थियो। जोगनारां साहूले महाप्रज्ञाको आवश्यक सहयोगको निमित्त नोकरको रूपमा एक साधारण ठ्येलुँको पनि प्रबन्ध गरिदिनुभएको थियो। त्यस ठ्येलुँले शुरूमा त महाप्रज्ञालाई खानपिनको राम्रो प्रबन्ध गरिदिएका थिए तर पछि आएर उसले विस्तारै महाप्रज्ञालाई नोकरको बोलीव्यवहार गरी आफू मालिक हुँदैआएको कुरा महाप्रज्ञाले आफ्नो आत्मकथामा स्पष्ट उल्लेख गर्नुभएको छ। यहाँसम्म कि त्यस ठ्येलुँ नोकरले पहाड–पर्वतको बाटोमा उकाली–ओराली हुँदै पानी लिन जानुपर्ने ठाउँमा समेत महाप्रज्ञाले नै पानी लिन जानुपर्ने बाध्यता ल्याइदिएको थियो।

यसरी कठिनरूपमा रही विद्याध्ययन गरिरहेको बेला कहिलेकहीं महाप्रज्ञाले तर्काचार्य गुरुवरबाट प्राप्त शिक्षाअनुरूप एवं आफ्नो स्वविचारबाट पनि अनेक चित्रहरू लेख्ने गर्दथे। एकदिन यस्तै एउटा चित्र निर्माण गर्दैरहेको बेला त्यही नोकरको रूपमा रहँदै आएका ठ्येलुँले महाप्रज्ञालाई गाली गराउने हेतु तर्काचार्य गुरुवर समक्ष चुग्ली पुऱ्याएको थियो। अतः उसैलाई महाप्रज्ञालाई बोलाउन पठायो। महाप्रज्ञा पनि डराई–डराई गुरुवर समक्ष उपस्थित भए। गुरुवरले वहाँले लेख्नुभएको चित्रलाई गौररूपमा हेरेपछि भन्नुभयो—

"पल्धेन श्यरब! यस चित्रको तात्पर्य (अर्थ) बताउँदै जाऊ।"



Downloaded from http://dhamma.digital

गुरुको अनुमति पाएपछि महाप्रज्ञा (पल्धेन श्यरब) ले आफूले लेखेको चित्रको पारमार्थिक अर्थ बताउँदै जानुभयो। महाप्रज्ञाको त्यस चित्रको पारमार्थिक अर्थ सुन्नुभएपछि तर्काचार्य गुरु यति प्रसन्न हुनुभयो कि वहाँले त्यस चित्र लिई, त्यसमा हस्ताक्षर गरी भन्नुभयो—

"पल्धेन श्यरब ! यस चित्र साथ लगी ल्हासा बजारमा रहेका नेवार साहूहरूलाई देखाई, अर्थ बताउँदै, धर्मोपदेश गर्न जाऊ।"

गुरुको आज्ञानुरूप महाप्रज्ञा ल्हासा बजारमा गई गुरुको हस्ताक्षर भएको चित्र देखाउँदै, त्यसको अर्थ बताउँदै श्रद्धावान्‌हरूलाई धर्मोपदेश दिंदै जानुभएको थियो।

चित्रको महत्त्वलाई याद गरी साथै चित्रले उचित सम्मान पाएकोले महाप्रज्ञा एक फोटोग्राफर कहाँ गई कयौं साइजहरू तयार गरिए। त्यस चित्रको फोटो प्रशस्त रूपमा बिकेको थियो। ती फोटोचित्र ल्हासाका प्रायः सम्पूर्ण नेवार एवं तिब्बती श्रद्धावान्‌हरूको घर-घरमा पुगेको थियो।

त्यस चित्रको तर्फबाट महाप्रज्ञाले उचित सम्मान पाइयो साथै यदि कुनै श्रोतागणहरू प्रव्रजित हुन चाहे वहाँले नै गरिदिनसक्ने अनुमति पनि गुरुवरबाट प्राप्तभयो।



Downloaded from http://dhamma.digital

त्यही "क्येचांश्यार गुम्बा" पछाडि रहेको ढुङ्गाको गुफामा घाँसको आसन राखी ध्यान (भावना) गरेको बहाना (हेतु) बाट पछि आएर महाप्रज्ञालाई वातरोग (हातखुट्टा नचल्ने) हुनगयो, जसको उपचारार्थ जोगनारां साहूले वैद्य लिएर आए। वैद्यले दिएको औषधि मांसको रसमा मिसाई सेवन गर्नुपर्ने थियो तर महाप्रज्ञाले ज्यान गए पनि मांस एवं मांसको रस सेवन नगर्ने अठोट लिइराख्नु भएको थियो। अतः वैद्य नाराज भई फर्केको थियो।

केही दिनपछि अन्य एक वैद्य महाप्रज्ञाको सामु उपस्थित हुन आए। वहाँ हुनुहुन्छ— कुलमानसिंह तुलाधर। वहाँ वैद्यज्यूले गत ७–८ वर्षअगाडिदेखि ल्हासामा स्थायीरूपमा रही व्यापार र वैद्यको काम गर्दै आएका थिए। कुलमानसिंह वैद्यले रोगी महाप्रज्ञा गुरुलाई राम्ररी जाँचिसकेपछि मांसको रसको आवश्यकता बिना नै महाप्रज्ञाको वातरोग शान्त गरिदिने निश्चय गरी त्यस दिनको बेलुकादेखि आफैले औषधि लगाई मालिस कार्य आरम्भ गर्नुभएको थियो। कुलमानसिंह वैद्य दिनको दुई पटक (बिहान र बेलुका) आई मालिस गरिदिने कार्य २ महिनासम्म अटूटरूपमा गरिदिएका थिए।

त्यस दुई महिनाको उपचार अवधिमा कुलमानसिंह वैद्यले महाप्रज्ञाको वातरोग शान्त गरिदिनु भयो र महाप्रज्ञाले पनि कुलमानसिंह वैद्यको वैराग्य भावनालाई पुष्ट गरी



Downloaded from http://dhamma.digital

गृहत्यागसम्म गराउन सक्षम गराउनु भयो । महाप्रज्ञा बाहिर आई हिड्डुल गर्न सक्ने भएपछि कुलमानसिंह वैद्यलाई साथ लिई वहाँ अवतारी लामा मानिएका फोरंखा रिम्पोछेको गुम्बामा लगी वहाँ (फोरंखा रिम्पोछे) कै आचार्यत्वमा छ्येलुँ (महायानी भिक्षु) गराइदिएका थिए । प्रव्रज्यापश्चात् कुलमानसिंह वैद्यको नाम "थिले छुल्थिम" अर्थात् "कर्मशील" राखियो ।

फोरंखा रिम्पोछेको त्यस गुम्बामा केही दिन रहनु भएपछि महाप्रज्ञा, कर्मशीलका साथ महावीर्य (वि. सं. १९८२ साल, श्रावण महिनामा निष्कासित एक छ्येलुँ) पनि ल्हासा शहर छोडी "झिखाछे" को निमित्त प्रस्थान गर्नुभएको थियो। ल्हासा शहर छोड्नुभएको १८ औं दिनमा वहाँहरू "झिखाछे" पुग्नुभयो र त्यहाँका एक प्रतिष्ठित व्यापारी साहू भिक्षुवीर-सिंहको घरमा रहनुभयो । एक दिन भिक्षुवीरसिंहले वहाँहरूलाई एक यस्तो स्थानको अवलोकन गर्न लग्नुभयो, जुन स्थान ध्यान–भावनाको निमित्त एकदम उपयुक्त थियो। झिखाछेंको मूलबजारबाट २ कोश जति टाढा रहेको, कुनै बस्ती नरहेको, आसपासमा एक स्मशान मात्र रहेको ठाउँ थियो, त्यस ठाउँको नाम हो— काप्‌क्या ।

त्यस ठाउँमा वहाँहरू तीनैजना ४–५ महिनासम्म ध्यान–भावनामा तल्लीन भइसकेपछि महाप्रज्ञा र महावीर्य



Downloaded from http://dhamma.digital

दुइजना कालिम्पोङ्ग आउनु भई साहू भाजुरत्न कंसाकार (वि सं. १९४०–२०१३) को आश्रयमा रहनुभयो। कर्मशील एकजनामात्र काप्वयामा ध्यान–भावनाको निमित्त एकदम उपयुक्त स्थान सम्झी पुनः केही महिना रहने विचारले वहाँहरूलाई बिदा दिइपठाएको थियो।

कालिम्पोङ्गमा भाजुरत्न साहूको आश्रयमा रही केही अध्ययन – मनन गरिरहेका महाप्रज्ञाले, अध्ययनको सिलसिलामा एउटा पुस्तकमा "आर्य अष्टाङ्गिक मार्ग" को बारेमा लेखिएको र केही कुरा नबुझेको कारण त्यसलाई बुझ्न कुशीनगरमा रहँदै आउनुभएका बौद्ध विद्वान् ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६–१९७२) समक्ष पुग्नुभयो। वहाँकै छत्रछायामा रही अन्य बुद्ध-धर्म सम्बन्धी ज्ञानहरू पनि हासिल गर्दै जानुभयो साथै ऊ. चन्द्रमणि महास्थविरकै आचार्यत्वमा पुनः थेरबाद परम्परानुसार श्रामणेर हुनुभयो— यो हो सन् १९२८ को कुरा।

त्यसँताका, श्रामणेर महाप्रज्ञा ऊ. चन्द्रमणि महास्थविर समक्ष रही विद्याध्ययन गरिरहेको बेला, ऊ. चन्द्रमणि महास्थविरकै अन्य एक बर्मी शिष्य भिक्षु ऊ. कित्तिमा (सन् १९०३–८७), जो वहाँकै आदेशानुसार सन् १९२८ देखि सारनाथको बर्मी धर्मशाला (विहार) मा रहँदै आएका थिए, विशेषकारणवश बर्मा एकपटक जानुपर्ने खबर गुरुवर



Downloaded from http://dhamma.digital

ऊ. चन्द्रमणि महास्थविरकहाँ पठाए । ऊ. चन्द्रमणि महास्थविरले पनि सारनाथको त्यस बर्मी धर्मशाला खालि नगर्नको निमित्त श्रामणेर महाप्रज्ञालाई त्यहाँ पठाए। अतः श्रामणेर महाप्रज्ञा, भिक्षु ऊ. कित्तिमा बर्माबाट नफर्कुञ्जेल (झण्डै एक वर्ष) सम्म सारनाथमा रहनुभएको थियो-- यो हो सन् १९२९ को कुरा।

भिक्षु ऊ. कित्तिमा बर्माबाट फर्कनुभएपछि श्रामणेर महाप्रज्ञा वहाँसित बिदा लिई कुशीनगरमै फर्कनुभयो। कुशीनगरको यस पटकको निवासकाल (सन् १९२९) मा श्रामणेर महाप्रज्ञाले एक अविस्मरणीय कार्य गर्नुभएको थियो — त्यो हो, शताब्दियौंदेखि बुद्धको अग्निसंस्कार गरेको ठाउँ मुकुटबन्धन चैत्य जसलाई रामाभारको रूपमा नाम पनि परिवर्तन गरिसकेको थियो— परिनिर्वाण मूर्ति एवं स्तूपबाट २ किलोमिटर जति टाढा परेको ठाउँमा प्रत्येक वर्ष रामनवमीका दिन मेला मनाउनुका साथै प्रशस्तरूपमा बलि दिने कार्य पनि हुन्थ्यो— ती सम्पूर्ण प्रबन्ध त्यस गाउँको चौधरीको मातहत अनुसार भइरहेको त्यस ठाउँमा गई श्रामणेर महाप्रज्ञाले चौधरीसित बडो तार्किक रूपमा धर्मशाकच्छा गरी चौधरीलाई प्रसन्न तुल्याउनु भएको थियो। यसैको परिणामस्वरूप चौधरीको हुकुमबाट त्यहाँ बलि दिने कार्य त्यस वर्षको निमित्त मात्र होइन, सदाको निमित्त बन्द गर्ने आदेश दिलाउनमा महाप्रज्ञा सफल हुनुभएको



Downloaded from http://dhamma.digital

थियो, यदि जवर्जस्ती कसैले त्यस ठाउँ (बौद्धहरूको एक पवित्र तीर्थस्थल) मा पुनः बलि दिने कोशिस गरेमा श्रीलङ्का, बर्मा, तिब्बत, नेपाल आदि देशहरूका बौद्धहरू मिली त्यसको घोरविरोध गर्न सक्छ भन्ने चेतावनी पनि दिएर वहाँ फर्कनु भएको थियो।

त्यस कार्य गर्नुभएको केही महिनापछि श्रामणेर महाप्रज्ञा कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो। त्यसबेला-सम्ममा कर्मशील छ्येलुँ पनि काप्क्यामा ११ महिना ध्यान–भावनामा बिताई कालिम्पोङ्ग पुगिसक्नुभएको थियो। अतः पुनः एकपटक श्रामणेर महाप्रज्ञा कर्मशील छ्येलुँलाई साथ लिई भारतको विहार एवं उत्तर प्रदेशमा अवस्थित बौद्ध तीर्थस्थलहरू घुम्न आउनुभयो। त्यसै अन्तर्गत वहाँहरू सन् १९३० को शुरू (पौष–माघ १९८६) मा कुशीनगर पुग्नुभयो। कुशीनगर पुग्नुभएको केही दिनमै कर्मशील छ्येलुँ पनि थेरवाद परम्परानुसार ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभयो।

प्रव्रजित हुनुभएको महिनादिनपछि श्रामणेर कर्मशील शीलाचरण, परित्राण एवं अन्य बुद्ध–धर्म सम्बन्धी केही अध्ययन मननपश्चात् नेपालमा स्थविरवाद बुद्ध–धर्म प्रचार–प्रसार शुभारम्भ गर्नजान गुरु चन्द्रमणि महास्थविरसित विदा लिनुभयो र रक्सौलसम्म श्रामणेर महाप्रज्ञाले छोडन आउनु-



Downloaded from http://dhamma.digital

भयो, रक्सौलबाट यता (नेपाल) आउन महाप्रज्ञालाई बन्देज थियो— श्रावण, १९८२ सालदेखि।

रक्सौलबाट वीरगञ्ज हुँदै नेपाल भित्रेका श्रामणेर कर्मशीललाई वीरगञ्जमा त विना रोकतोक (सजिलैसित) राहदानी प्राप्तभएको थियो। तर भीमफेदीपश्चात् चिसापानी गढीमा पुग्नासाथ वहाँलाई त्यहाँका सरकारी कर्मचारीहरूले शङ्काको दृष्टिले हेरी वहाँको प्रत्येक सरसामान एवं वस्त्रहरू एक-एक गरी हेर्दै लगे। तिनीहरूले वहाँलाई वि. सं. १९८२ सालमा निष्कासित ५ भिक्षुहरूमध्ये प्रमुख हुनुभएका महाप्रज्ञा सम्झिए। श्रामणेर कर्मशीलले वीरगञ्जबाट प्राप्त राहदानी देखाउनुका साथै आफू त्यस बाटोबाट पहिले कहिल्यै आवत-जावत गरेको थिएन भने तापनि त्यो कुरा ती कर्मचारीहरूलाई विश्वास लागेन, चित्त बुझेन।

श्रामणेर कर्मशीललाई भने बडो फसाद पऱ्यो, किन कि वहाँले आफ्ना केही सरसामानहरू वीरगञ्जदेखि साथै आएका, जो कान्तिपुर (काठमाडौं) सम्म जानेवाला थिए सहयात्रीको भारीमा राखी ल्याएका थिए। ती सहयात्री त्यहाँको जाँच कार्य सकिन्नासाथ भारी लिई प्रस्थान गरिसकेको थियो। अतः श्रामणेर कर्मशीलले पुनः एकपटक बडो मिजाशका साथ आफू पहिले निष्कासित भिक्षुहरूमा नभएको, कान्तिपुरबाट सीधा ल्हासा व्यापारमा गएको र त्यहीँबाट



Downloaded from http://dhamma.digital

च्येलुँ भई कुशीनगर आई फर्कदै आएको सत्य, तथ्य कुरा वृतान्त सुनाउनुभयो, तब पछि मात्र ती कर्मचारीहरूले वहाँको शान्त, सहनशील र नम्रबोलिवचनबाट प्रभावित भई स्वीकृति दियो। त्यस दिन वहाँ निकै अबेर (राती) पछि मात्र किन्दोल विहार पुग्नुभएको थियो।

त्यस दिन एक रात वहाँले किन्दोल विहारमा बिताई, भोलिपल्टै श्रामणेर कर्मशील कालिम्पोङ्गमा भेट्टिएका वागिन्द्रवज्र नामक मित्रको सल्लाहनुरूप स्वयम्भूपर्वतपछाडि रहेको आद्येश्वर (छ्वदों) मा अवस्थित कुमारनरसिंह कर्णेलको भग्नावशेष रहेको दरबारमा रहन जानुभयो। त्यहाँ ८/१० दिन जति रहनुभएको बेला वहाँको सम्पर्क दशरत्न साहू र लोकरत्न (तुयू दाजु) तुलाधरसित हुन गएको फलस्वरूप, वहाँहरूको आग्रहमा किन्दोल विहारमा रहन आउनुभयो।

श्रामणेर कर्मशीलले किन्दोल विहारमा अष्टमीव्रत न न्यूनव्रत चलाउँदै आएका मञ्जुहर्ष नामक च्येलुँलाई सहायतार्थ त्रिशरण जाने, शील प्रार्थना गर्ने आदि सिकाउँदै आएका थिए साथै बीच-बीचमा एवं अन्तमा धर्मोपदेश पनि दिँदै जानुभएको थियो। यसैको फलस्वरूप पछि आएर अष्टमीव्रत र न्यूनव्रतमा आउने श्रद्धालुहरूको झुकाव थेरवाद बुद्ध शासन अनुरूपको पञ्चशील, अष्टशील एवं वहाँको



Downloaded from http://dhamma.digital



१) भिक्षु महाप्रज्ञा (बीचमा)
२) भिक्षु प्रज्ञानन्द (दायाँ)
३) भिक्षु शाक्यानन्द (बायाँ)
(सन् १९४४-४५)

Downloaded from http://dhamma.digital

धर्मोपदेशमा नै विशेष ध्यान केन्द्रित हुँदै गयो। वहाँको धर्मोपदेशबाट प्रभावित भई केही व्यक्तिहरूले प्रव्रजित हुने समेत इच्छा जाहेर गर्दै ल्याए।

यस्तै समयमा श्रामणेर महाप्रज्ञा पनि गुप्त रूपमा वि. सं. १९८६ (सन् १९३०) को शिवरात्रीको अवसर लिई कान्तिपुर आइपुग्नुभयो। श्रामणेर कर्मशीलको स्वभावबाट प्रभावित भएका ती श्रद्धालुहरू (माहिला उपासक, पुण्यतारा, चन्छिमि, सङ्घतारा उपासिका) श्रामणेर महाप्रज्ञादेखि झन प्रभावित भए। वहाँहरूले एक आपसमा सल्लाह गरी, तिनीहरूलाई केही दिनपछि आउने सल्लाह दिई महाप्रज्ञा गुरु रक्सौलतिर प्रस्थान गर्नुभयो।

श्रामणेर कर्मशील पनि प्रव्रजित हुन चाहने ती उपासकोपासिकाहरूलाई साथ लिई महाप्रज्ञा रक्सौल पुगेको छैठौं दिनमा वहाँहरू पनि त्यहीँ पुग्नुभयो। वहाँहरू सबै रक्सौल बजारमा रहनुभएका ईश्वरीलाल श्रेष्ठको घरमा एक दिन रही भोलिपल्टै कुशीनगरतर्फ प्रस्थान गर्नुभएको थियो।

वहाँहरू कुशीनगर पुग्नुभएको महिनादिनपछि वि. सं. १९८७ सालको बैशाख महिनामा चारैजना उपासको–पासिकहरूलाई ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट प्रव्रजित गराउन श्रामणेर महाप्रज्ञा एवं कर्मशील सफल हुनुभएको थियो। प्रव्रज्यापश्चात् तिनीहरूको नाम यसप्रकार भए—



Downloaded from http://dhamma.digital

१) माहिला उपासक — श्रामणेर शासनज्योति ।
२) पुण्यतारा उपासिका — अनागारिका रत्नपाली ।
३) चन्छिमि उपासिका — अनागारिका धर्मपाली ।
४) सङ्घतारा उपासिका — अनागारिका सङ्घपाली ।

तिनीहरूलाई प्रव्रजित गराएको केही हप्तापछि श्रामणेर कर्मशील अनागारिका धर्मपाली र सङ्घपालीलाई साथ लिई कालिम्पोङ्ग जानुभएको थियो । त्यसै समयमा वहाँको प्रथम भेट रामोदर साधु (भावी महापण्डित राहुल साँकृत्यायन) सित ५ जून १९३० (जेष्ठ, वि. सं. १९८७) मा भएको थियो। त्यस बेला रामोदर साधु तिब्बतमा सवा वर्ष (पहिलो तिब्बत यात्रा) बिताई फर्कंदै थिए, वहाँले श्रामणेर कर्मशीललाई तिब्बतबाट ल्याएका अनेक चीजबीज (ग्रन्थ एवं तिब्बती चित्रपटहरू) हरू देखाउनुभएको थियो । रामोदर साधु वहाँलाई भेटेको भोलिपल्टै (६ जून १९३०) कलकत्ताको निमित्त सिलीगुडी प्रस्थान गर्नुभएको थियो ।

यता, कुशीनगरमा अनागारिका रत्नपाली नेपाल गइसकेको कारण श्रामणेर शासनज्योति एकजना मात्र महाप्रज्ञा गुरुका साथ रहँदैआएका थिए । यसैबेला कुशीनगरमा गुरुवर ऊ. चन्द्रमणि महास्थविरसमक्ष एक बर्मी अखबार पुग्नआएको थियो जसमा महाप्रज्ञाको फोटो छापिएको थियो, अखबारद्वारा बर्माको एक दायकले वहाँको खोजनीति गरेको थियो, कारण



Downloaded from http://dhamma.digital

त्यस दायकलाई महाप्रज्ञालाई उपसम्पन्न गराउने (दायक हुने इच्छा) भएको रहेछ ।

ऊ. चन्द्रमणि महास्थविर बर्मी भिक्षु हुनाको कारण त्यो अखबार कुशीनगरमा पनि पुऱ्याइएको थियो । संयोगवश ! महाप्रज्ञा कुशीनगरमै रहेको कारण, वहाँका साथै श्रामणेर शासनज्योतिलाई पनि बर्मा पठाउने प्रबन्ध ऊ. चन्द्रमणि महास्थविरले मिलाइदिनुभयो ।

अतः वि. सं. १९८८ सालको बैशाख (मई, सन् १९३१) महिनामा कुशीनगरबाट कलकत्ता हुँदै पानीजहाजबाट ४ दिनको यात्रापछि श्रामणेर महाप्रज्ञा र शासनज्योति रंगून (बर्मा) पुग्नुभएको थियो । रंगून बन्दरगाहमा वर्लनासाथ वहाँहरूलाई लिन आउनेहरूले मोटरमा बसाई डेढ घण्टा जति पश्चात् गन्तव्य स्थानमा पुऱ्याइयो, त्यस स्थानको नाम एवं दाताको नाम महाप्रज्ञा यसरी उल्लेख गर्नुहुन्छ—

दाता — ऊ. एमाऊ, स्थान— दोंगुसिरीला ।

वहाँहरू रंगून पुग्नुभएको केही दिनमै बैशाख-पूर्णिमा (वि. सं. १९८८) का दिन दायक ऊ. एमाउँका नाता-कुटुम्बका केही कुल पुत्रहरूको श्रामणेर हुने अवसरमा संलग्न गराई वहाँहरूको उपसम्पन्न गराउने हेतु खोजखबर गराइएको रहेछ, तसर्थ सम्पूर्ण प्रबन्ध भइसकेपछि श्रामणेर महाप्रज्ञा र



Downloaded from http://dhamma.digital

शासनज्योति त्यस विहार (क्याउँ–म्याऊ–क्याऊँ) का नायक महास्थविर ऊ. केशराको उपाध्यायत्वमा उपसम्पन्न हुनुभयो ।

उपसम्पदापछि वहाँहरूले पहिलो बर्षावास त्यही "क्याउँ म्याउँ क्याउँ विहार" मा बिताउनु भएको थियो । बर्षावासपश्चात् भिक्षु महाप्रज्ञा बर्माका केही दर्शणीय स्थलहरूको अवलोकन गर्न जानुभयो ।

यसको केही महिनापश्चात् गुरु ऊ. चन्द्रमणि महास्थविरको आदेश पत्रानुसार भिक्षु महाप्रज्ञा अराकन जानुभएको थियो । त्यहाँ वहाँले मा. धम्माचारी नामकी एक अनागारिकालाई भेट्नु भएको थियो । उनीकै एक पुत्र, जो सुप्रसिद्ध कर्मस्थानाचार्य थिए ले भिक्षु महाप्रज्ञालाई "कर्मस्थानभावना" विषय निकै अभ्यास गराउनुभएको थियो । कर्मस्थानभावना गर्न त्रिकाय (काय, वाक, चित्त) परिशुद्ध गर्नु पर्ने बारे सप्रसङ्ग व्याख्या पनि ती कर्मस्थानाचार्य गुरुले महाप्रज्ञालाई दिँदै जानुभएको थियो ।

त्रिलक्षण (अनित्य, दुःख, अनात्म) स्वभावलाई स्पष्ट रूपमा मनन र अभ्यास गर्नेलाई "विदर्शना भावना, विपस्सना भावना" एवं "प्रज्ञा भावना" भनिने कुरा वहाँलाई स्पष्ट भयो ।



Downloaded from http://dhamma.digital

यसरी योग्य कर्मस्थानाचार्य गुरु प्राप्त हुनाको कारण भिक्षु महाप्रज्ञा पनि कर्मस्थानभावनामा चाँडै नै सफलता प्राप्त गर्दै जानुभएको थियो ।

सन् १९३२ को शुरूमा भिक्षु महाप्रज्ञा अराकनकै आसपासमा रहेको "पाउँतो" नामक स्थानमा एक सांघिक कार्य (परिवास) को निमित्त जानुभएको थियो। त्यहाँ उपासकोपासिकाहरूको आग्रहमा एक सुन्दर धर्माशनमा रही धर्मोपदेश पनि दिनुभएको थियो तर वहाँ पाँसुकूलिक चीवर (थोत्रो-कसैलाई पनि लोभ लालचा नहुने, हराए पनि चित्त नदुख्ने, श्मशानादि ठाउँहरूमा प्राप्त अनेकौं कपडाहरूको जोडाइबाट तयार गरिएको) लाइरहनुभएको व्यक्ति हुनाको कारण उपासकोपासिकाहरूको आग्रहबाट धर्मोपदेश दिनु भएको स्थानीय भिक्षुहरूलाई सन्तोष भएको थिएन। भिक्षु महाप्रज्ञा त्यस धर्माशनमा बस्नासाथ धर्माशन नै मलिलो भएको महसूस ती भिक्षुहरूले गरेका थिए। पछि आएर ती भिक्षुहरूलाई धर्मसम्वाद गरी पराजित गरी महाप्रज्ञा पाउँतोमै फर्कनुभएको थियो ।

सन् १९३२ को मध्य (जून, जुलाई–आषाढ) मा भिक्षु महाप्रज्ञा, जो त्यसबेला चटगाउँ (बङ्गलादेश) को एक बिहारमा रहँदै थिए लाई अराकनको ऊ. मनवा महास्थविरको निमन्त्रणामा अर्कन जानुभएको थियो। वहाँलाई अराकनमा



Downloaded from http://dhamma.digital

आमन्त्रण गर्नुको खास कारण श्रामणेर कर्मशीलको उपसम्पदाको निमित्त थियो। श्रामणेर कर्मशीलले आफ्नो पूर्वाचार्य महाप्रज्ञा बताएको कारण ऊ. मनवा महास्थविरले चटगाउँमा रहनुभएका महाप्रज्ञा गुरुलाई उपसम्पदाको निमित्त राय लिन बोलाउनुभएको थियो।

भिक्षु महाप्रज्ञा अराकन पुग्नासाथ ऊ. मनवा महास्थविरले वहाँसित श्रामणेर कर्मशीललाई उपसम्पन्न गराउने बारे सरसल्लाह गर्नुभयो, जसअनुसार ऊ. मनवा महास्थविरकै आग्रहमा भिक्षु महाप्रज्ञा नै श्रामणेर कर्मशीलको उपध्याय हुनुभयो। अतः भिक्षु महाप्रज्ञाले नै श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् नयाँ नामकरण आफ्नै नामको स्मरणस्वरूप "प्रज्ञानन्द" राख्नुभएको थियो।

श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् भिक्षु महाप्रज्ञा पुनः चट्गाउँ फर्कनुभएको थियो। त्यसबेला भिक्षु महाप्रज्ञाका दुइजना प्रमुख शिष्यहरूमा शासनज्योति अराकनकै "म्योहाउँ" नामक जङ्गलमा ध्यान–भावनाको निमित्त जानुभएको थियो। अन्य एक सिंहली युवक मेत्तेय्य जो भिक्षु महाप्रज्ञाका साथै जङ्गलमा रही वहाँ (महाप्रज्ञा) को ध्यान–ज्ञानद्वारा प्रभावित भई श्रामणेर भएका थिए साथै उपसम्पन्न पनि। भिक्षु मेत्तेय्य ३ वर्षसम्म भिक्षु महाप्रज्ञाका साथ रहि श्रीलङ्का फर्कनुभएको थियो। श्रामणेर कर्मशीलको



Downloaded from http://dhamma.digital

उपसम्पदापश्चात् भिक्षु मेत्तेय्य पनि महाप्रज्ञाका साथ चटगाउँ जानुभएको थियो।

वहाँहरू चटगाउँमा रहँदै जानुभएको केही महिनापश्चात् विशेषत: भिक्षु मेत्तेय्यलाई औल ज्वर (Malaria) हुन गएको कारण उपचारार्थ वहाँलाई साथ लिई भिक्षु महाप्रज्ञा सन् १९३४ को शुरूमा कलकत्ता आइपुग्नुभयो तर भिक्षु महाप्रज्ञाको हालत पनि औलको कारण भयावह थियो, शायद त्यसैको कारण भिक्षु मेत्तेय्यलाई "महाबोधि सोसाइटी" मा स्थान दिएतापनि वहाँलाई नदिएको होला। वहाँले त्यहाँको अतिरिक्त बर्मीविहार एवं धर्मांकुर विहारमा पनि स्थान पाउनु भएन, तसर्थ वहाँ चितपुर रोडस्थित आफ्ना मित्र लालबहादुर रञ्जितकारको घरमा जानुभयो तर वहाँलाई देखनासाथ मित्रकी पत्नी अधैर्यपूर्वक रोइन्, पछि वहाँको मित्रले ५ दिन अगाडिमात्र यो संसार छोडेर गएको कुरा बताइन्। वहाँको शारीरिक स्थितिलाई अवलोकन गरी मित्रकी पत्नीले पछि तुरून्तै एक कोठा बन्दोबस्त गरिदिइन् र औल ज्वरको केही उपचार पनि गरिदिइन्।

मित्रकी पत्नीको आग्रह अनुरूप भिक्षु महाप्रज्ञा मृतकको एउटा संस्कार (घः सू) सम्म रहिसकेपछि आफूलाई उपयुक्तस्थानको खोजीमा विचार्दै थिए, तब वहाँलाई



Downloaded from http://dhamma.digital

एक्कासी कालिम्पोङ्ग याद आयो, जुन शहरको हावापानी एकदम उपयुक्त थियो न गर्मी, न ठण्डा। अतः वहाँ केही दिनपश्चात् कलकत्ताबाट कालिम्पोङ्गको निमित्त प्रस्थान गर्नुभयो।

कालिम्पोङ्ग त वहाँ पुग्नुभयो तर समस्या पुनः खडा भयो, वहाँ पाँसुकूलिक हुनाको कारण वहाँको वस्त्र एवं रूप पनि शीलको असर बाकी रहनाको कारण निकै नराम्रो देखिएको थियो। पछि वहाँलाई भाजुरत्न साहूले देख्नासाथ सोध्नुभयो— तपाईं को हुनुहुन्छ? कहाँबाट आउनु भएको? आदि।

वहाँले आफूलाई बर्माबाट फर्केको, पहिले नेपालबाट निष्कासित गरिएको एक भिक्षु, पहिले यहीं रहेको, पछि छेरिङ्नोर्बु गुरुका साथ ल्हासा गएको, त्यहाँबाट फर्की यहीं रहेको, तपाईंले नै सम्पूर्ण बन्दोबस्त गरिदिएको भनी सम्पूर्ण वृत्तान्त सुनाउनुभयो। तब मात्र भाजुरत्न साहूले महाप्रज्ञालाई चिन्नुभयो।

पछि आएर भाजुरत्न साहूको अनुकम्पाबाट कालिम्पोङ्गको त्रिपाई डाँडामा एउटा विहार निर्माण गर्नु भएको थियो जुन विहारको नाम महाप्रज्ञा स्वयंले "प्रज्ञाचैत्य महाविहार" राख्नुभएको थियो। त्यस विहारको बाहिर ढोकामाथिको बोर्डमा यसप्रकार उल्लेख गर्नुभएको छ—



Downloaded from http://dhamma.digital

## प्रज्ञा चैत्य महाविहार
### त्रिपाई, कालिम्पोङ्ग
### स्थापित—१९३६

त्यस विहारमा रहँदै जानुभएको बेला भिक्षु महाप्रज्ञाले त्यस विहारको माथि पूर्वतर्फ "भालुखोप" नामक स्थानमा एउटा विशाल ढुङ्गाको मुनि एउटा गुफा पनि तयार गर्नुभएको थियो जसलाई "शान्तिमय गुफा" नामकरण गरिएको थियो। त्यहीँ वहाँले एउटा सुन्दर बुद्धमूर्ति पनि निर्माण गर्नुभएको थियो, जो अद्यावधिसम्म यथावतै छ।

सन् १९३५/३६ मा भिक्षु महाप्रज्ञालाई पुनः एकपटक चटगाउँबाट निमन्त्रण पठाइएको थियो। ३ महिना (मंसिर–फागुन) सम्मको चटगाउँ निवासकालमा वहाँलाई चटगाउँको एउटा विशेष ध्यान कमिटिको तर्फबाट "कम्म स्थानाचार्य" पद प्रदान गरेको थियो, जसको प्रमुख हुनुहुन्छ— सुरेन्द्रनाथ बरूवा एम. ए., पाली प्रोफेसर।

स्मरणीय छ, २ अगस्त १९३६ का दिन श्रामणेर हुनुभएका अमृतानन्द (वि. सं. १९७५–२०४७) लाई गुरुवर ऊ. चन्द्रमणि महास्थविरले भिक्षु महाप्रज्ञाकहाँ (कालिम्पोङ्ग) पठाउनुभएको थियो। यसरी सन् १९३६ को अन्तिम महिना (अक्टोबर–नवेम्बर) मा कालिम्पोङ्ग पुग्नुभएका श्रामणेर



Downloaded from http://dhamma.digital

अमृतानन्द गुरुवर भिक्षु महाप्रज्ञासित केही समय रहनुभएपछि भोजपुरस्थित आफ्ना नाताकुटुम्बहरूलाई भेटन वि. सं. १९९३ सालको मंसिर महिनामा भोजपुरका एक प्रतिष्ठित साहू जीतबहादुरकासाथ इलामको बाटो हुँदै भोजपुर प्रस्थान गर्नुभयो, जीतबहादुर साहू व्यापारको सिलसिलामा भोजपुरबाट दार्जिलिङ्ग आएका थिए। श्रद्धावान् साहू जीतबहादुरले भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई भेट्नासाथै भोजपुर जान आग्रह गर्नुभएको थियो।

त्यसबेला भिक्षु महाप्रज्ञा प्रेस तयार गर्ने धूनमा थिए। ३ दिनसम्मको सोचाइपश्चात् निर्णय भए अनुसार प्रेसको बनौट तयार गरी कलकत्ताबाट टाइप (अक्षर) झिकाउने कार्यमा व्यस्त थिए। कलकत्ताबाट टाइप पुग्न नआएको कारण आफू पछि रेलबाट (कालिम्पोङ्ग–सिलीगुडी–कटिहार–जोगबनीसम्म रेलयात्रा, त्यसपश्चात् मोटरबाट बिराटनगर–धरान हुँदै पैदल भोजपुर पुग्नु) भोजपुर आउने सल्लाह दिई अमृतानन्द एक जनालाई मात्र साथ लैजान भिक्षु महाप्रज्ञाले जीतबहादुर साहूलाई अह्राएका थिए।

श्रामणेर अमृतानन्द भोजपुर गएको महिना दिनपश्चात् टाइपको पार्शल कालिम्पोङ्ग पुग्नासाथ ती पार्शल चीजलाई घुम्पहाडस्थित कुलमुनि साहूकहाँ राखी भिक्षु महाप्रज्ञा पनि



Downloaded from http://dhamma.digital

वि. सं. १९९३ को पौषको शुरूमा भोजपुर प्रस्थान गर्नुभएको थियो ।

भिक्षु महाप्रज्ञा भोजपुर पुग्नुभएको केही दिनपछि विशेषतः कुलधन शाक्यका सुपुत्रहरू ( पुण्यधन, चैत्यधन र कुलराज शाक्य ) को अनुरोधमा एउटा बुद्ध-मूर्ति निर्माण गर्नेतर्फ लाग्नुभएको थियो, जुन मूर्ति-भिक्षु महाप्रज्ञाद्वारा १९ दिनको अवधिमा तयार गरियो र ३० पौष १९९३ का दिन बडो भव्य रूपमा उत्सव मनाई, रथ परिक्रमा (बुद्ध-मुर्ति राखी) समेत गरी पहिलेदेखि धर्मस्थलको रूपमा रहँदै आएको एकतल्ले विहारमा प्रतिष्ठा ( विराजमान ) गराइयो, त्यस विहारलाई "शाक्यमुनि विहार" नामकरण पनि गरियो ।

यसको भोलिपल्ट ( १ माघ १९९३ ) शाक्यमुनि विहारमा उपासकोपासिकाहरूका साथ स्थानीय देवबहादुर साहू पनि दान-प्रदान गर्न आइरहनुभएको थियो । वहाँलाई विशेष रूपमा भिक्षु महाप्रज्ञाले धर्मोपदेश दिइरहनुभएको थियो । ठीक, त्यसैबेला वहाँलाई भेट्न भोजपुर जिल्लाका बडाहाकिम गरुडध्वज विहारमा आइपुगे ।

विहारमा नयाँ बुद्ध-मुर्ति निर्माण भइरहेको देखी प्रसन्न भई कसले बनाएको भनी सोध्नुभयो । उपासकोपासिकाहरूले महाप्रज्ञालाई देखाए। महाप्रज्ञालाई देख्नासाथ



Downloaded from http://dhamma.digital

परिचय लिइयो र थाहापाइयो कि वहाँ वि. सं. १९८२ सालमा निष्कासित भिक्षुहरूमा हुनुहुन्छ। तसर्थ बडाहाकिमले भिक्षु महाप्रज्ञा लगायत श्रामणेर अमृतानन्द एवं स्थानीय ६ जना उपासकहरूलाई भोजपुरको माल अड्डामा पुऱ्याइयो।

त्यसबेला बडाहाकिमले अन्य केही आरोपहरू लगाई भिक्षु महाप्रज्ञा ( विशेषरूपमा ) लाई पक्रेर लगेको थियो। ती आरोपहरू हुन्—

१) नेपालबाट निर्वासित गरिएका व्यक्ति नेपाल आगमन गरेको।

२) हिन्दूकुलका व्यक्ति भिक्षु भएर बुद्ध-धर्म प्रचार गरेको।

३) अदालतमा जाहेर नगरिकन बुद्ध-मूर्ति निर्माण गरी नगरपरिक्रमा समेत गरेको।

स्थानीन उपासकहरूलाई ६ दिन बन्दी गरी, पछि तारिखमा छोडिदियो। केही दिनको बन्दीअवस्थामै भिक्षु महाप्रज्ञाले स्थानीय पुलिसहरूलाई प्रभावित तुल्याएको कारण बडाहाकिमले भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्दलाई जेलभित्रै राखिदिए, जहाँ वहाँहरू पूरा ३ महिना (माघ-चैत्र) रही चैत्र मशान्तका दिन २ पुलिसहरू साथ



Downloaded from http://dhamma.digital

लगाई धनकुटा जेलमा चलान गरिदिइएको थियो। ३ महिनाको भोजपुर जेलजीवन कालमा भिक्षु महाप्रज्ञाले कैयौं कैदीहरूलाई धर्मोपदेशद्वारा दुःख हरण गरिदिएको थियो। कैदीहरूलाई मनपरी रूपमा कोर्रा हान्ने जेलरलाई समेत त्यसको दुष्परिणाम भोग्नुपर्ने अवश्यम्भावी भएको कुरा महशूस गराई कैदीहरूलाई कोर्राबाट बचाउन भिक्षु महाप्रज्ञा सफल हुनुभएको थियो। कैदीहरूको वेदना सुनी, तिनीहरूलाई मानसिक शान्ति दिँदै रहनुभएका भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्द भोजपुर जेलबाट जान लागेको बेला कैदीहरूले कम विलाप गरेका थिएनन्। बिर्सेर बिर्सन नसकिने किसिमले भोजपुरजेलबाट बिदाइ लिई वहाँहरू केही दिनमा धनकुटा पुग्नुभयो।

धनकुटा जेलमा १ महिना रहनुभएको समयावधिमा पनि त्यहाँ राखिएका राजनैतिक कैदीहरू, जसमा विद्वान्हरू समेत थिए सित धर्मशाकच्छा गर्नुका साथै तिनीहरूकै आग्रहमा जेलभित्र भिक्षु महाप्रज्ञाले एक गणपति (गणेश) को मूर्ति निर्माण गरिदिनुभएको थियो।

धनकुटा जेलमा एक महिना बिताई वहाँहरूलाई पुनः २ जना पुलिसहरू साथ लगाई नेपालको सीमाना पार गराउन आदेश दिइयो, जसअनुसार दुइजना पुलिसमा सिर्फ एकजनाले मात्र वहाँहरूलाई धरान–विराटनगर हुँदै जोगबनी स्टेशन पुऱ्याए।



Downloaded from http://dhamma.digital

भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द यसरी भोजपुरकाण्ड समाप्त गरी जोगबनीबाट कटिहार–सिलीगुडी हुँदै कालिम्पोङ्गको त्रिपाईडाँडामा अवस्थित "प्रज्ञा चैत्य महाविहार" मा पुग्नुभएको थियो।

त्यसै वर्ष (सन् १९३७) को मध्यतिर श्रामणेर अमृतानन्द पाली साहित्य अध्ययनार्थ बर्माजानुभएको थियो, बर्माबाट केही महिनापछि श्रीलङ्का जानुभएको थियो। श्रामणेर अमृतानन्द बर्मा एवं श्रीलङ्का जानुअगाडि विशेषतः तानसेनका श्रद्धावान्हरूसित "ललितविस्तर" किताब प्रकाशनार्थ ५/५ रूपियाँ चन्दा (एउटा–एउटा किताब दिने गरी) लिई भिक्षु महाप्रज्ञालाई बुझाएर जानुभएको थियो। तसर्थ भिक्षु महाप्रज्ञालाई आफूले अनुवाद गरिराखेको महापण्डित राहुल साँकृत्यायन (सन् १८९३–१९६३) को "बुद्ध–चर्या" ग्रन्थको अनुवाद "ललित–विस्तर" को रूपमा चाँडोभन्दा चाँडो प्रकाशित गर्न बाध्यभयो। यस पुस्तक (ललित–विस्तर) बल्ल वहाँले वि. सं. १९९७ (बु. सं. २४८४) सालमा आफ्नो स्वविवेकबाट निर्मित प्रेसबाट ८० वटा मात्र प्रकाशित गर्नुभएको थियो। पछि अन्य स–साना पुस्तकहरू पनि लेखी वहाँले प्रकाशित गर्नुभएको थियो।

भिक्षु महाप्रज्ञा कालिम्पोङ्गमा पूरा एक दशक भिक्षु चर्यामा रही अनेकौं मतमतान्तरमा रहेका व्यक्तिहरूलाई



Downloaded from http://dhamma.digital

समेत बुद्ध–धर्मको प्रभाव अवगत गराउनमा सफल हुनुभएको थियो। पछि आएर वहाँ विशेष कारणवश सन् १९४६ देखि गृहस्थ संसारमा प्रवेश हुन बाध्य हुनुपर्‍यो।

गृहस्थ संसारमा प्रवेश भई एक पुत्री (रत्नदेवी) र एक पुत्र (मदन कुमार) भइसके पनि वहाँको मन विराग भावनामा लिप्त भइ नै रहेको थियो। यसैको फलस्वरूप एक दिन (वि. सं. २०१४ साल) वहाँ सिलीगुडी-कटिहार-विराटनगर हुँदै हवाइजहाजबाट काठमाडौं आइपुग्नुभयो र सरासर श्रीघःविहारमा गई भिक्षु सुबोधानन्दलाई भेट्नुभयो। वहाँ भन्ते समक्ष आफ्नो मनसाय व्यक्त गर्नुभयो।

तर, हप्तादिनपश्चात् नै श्रीमती चिनीमाया पुत्र मदन कुमारलाई साथ लिई वहाँलाई खोज्न काठमाडौं आउनुभयो। तिनीहरूको एक परिचित असनका चन्द्ररत्न शाक्यलाई साथ लिई बनेपामा रहनुभएका भिक्षु सुबोधानन्द र महाप्रज्ञालाई भेट्न जान टुँडिखेलस्थित मोटर पार्कमा पुगिरहेका थिए। संयोगवश त्यसैबेला भिक्षु सुबोधानन्द र महाप्रज्ञा पनि बनेपाबाट पुगेको मात्र थियो— आमा चाँहिले नदेखेको भएतापनि पुत्र चाँहिले देख्नासाथ सम्बोधन गरिहाले।

यसप्रकार घरपरिवारसँग भेटभएको कारण महाप्रज्ञा कालिम्पोङ्ग जान बाध्य हुनुभयो। वहाँ कालिम्पोङ्ग पुग्नु



Downloaded from http://dhamma.digital

भई घर–परिवारको निमित्त एक घरको बन्दोबस्त गर्नुभयो, जुन घरको लागि वहाँले ३ वर्षसम्म (वाल रहनेहरू नउठेको कारण) नालीस अनुरूप अदालतमा गइरहनुपरेको थियो। बल्ल झगडा छुट्याई पुरानो घरलाई नयाँ घरको रूपमा तयार गरी बिजुली जडान पनि गरिदिइयो, जुन घर कालिम्पोङ्ग हाटबजार नजिक रेलिरोडमा थियो।

वहाँ गृहस्थाश्रममा रहे पनि नेपालमा आफूद्वारा शुरू गरिएको स्थविरवाद बुद्ध–धर्म प्रज्वलित गर्नेतर्फमा विचाराधीन हुनुहुन्थ्यो। तसर्थ वहाँले नेपालमा गई बौद्ध ऋषि भावमा रही धर्म प्रचार–प्रसार गर्दै जाने अभिप्राय लिई कसैलाई केही नभनिकन सन् १९६१, जनवरीको पहिलो दिनदेखि वहाँले आफ्नो कपाल (केश) र दाढीलाई हजामत गर्न छोडिदिए।

वि. सं. २०१८ सालमा पुनः एकदिन मौका पारी वहाँ कालिम्पोङ्ग छोडी विराटनगर आउनुभयो। वहाँले विराटनगरबाट धरान हुँदै भोजपुर जान चाहनुभएको थियो तर त्यसबेला भोजपुर जाने उपयुक्त समय नरहेको कारण वहाँ पुनः विराटनगर फर्की, त्यहाँबाट हवाइजहाजद्वारा कान्तिपुर आइपुग्नुभयो। यसपटक पनि भिक्षु सुबोधानन्द रहनुभएको ठाउँ पाटनको सुमङ्गल विहारमा पुग्नुभयो।



Downloaded from http://dhamma.digital

त्यस वर्षको ( वि. सं. २०१८ साल ) पौष महिनामै "शाक्यमुनि बौद्ध सङ्घ" ले भोजपुरको टक्सारस्थित "शाक्य मुनि विहार" मा भव्यरूपमा महापरित्राण सम्पन्न गर्ने योजना बनाएको थियो, जुन योजनालाई सफल पार्न भिक्षु सुबोधानन्दले काठमाडौं उपत्यकामा रहेका भिक्षु–श्रामणेर, अनागारिका एवं उपासकोपासिकाहरूलाई भोजपुर लैजाने प्रबन्ध गर्नुभएको थियो। त्यस प्रबन्धमा वहाँले बौद्ध ऋषि महाप्रज्ञालाई साथ लानुभएको थियो।

वहाँहरू सबै नेपालबाट भारत (कटिहार-जोगबनी) हुँदै विराटनगर-धरान पुग्नुभएको थियो। धरानबाट पैदल जानुभएका वहाँहरू १८ पौष २०१८ का दिन भोजपुर पुग्नुभएको थियो। कालिगढहरूको स्थान (टक्सार, भोजपुर) रहेको कारण महापरित्राणको मण्डप यति राम्रोसित बनाइराखेको थियो कि दर्शकहरू मण्डपबाट नै प्रभावित थिए।

२३ पौषदेखि भिक्षु महासङ्घबाट शुरूभएको त्यस महापरित्राण हप्तादिनको लागि भनेको ९ दिन ( १ माघ २०१८) सम्म सम्पन्न हुनगएको थियो।

महापरित्राणको समाप्तिपछि भिक्षु सुबोधानन्द एवं चैनपुरका धनबहादुर शाक्यको विशेष आग्रहमा महाप्रज्ञा केही दिनको निमित्त चैनपुर पुग्नुभयो। चैनपुरमा ९ दिन



Downloaded from http://dhamma.digital

रहनुभई भोजपुरमै फर्कनुभयो। भोजपुरमा वहाँ पुनः ४ महिना रहनुभएको थियो। यस ४ महिनाको भोजपुर-निवासकालको प्रतिफलस्वरूप भिक्षु सुबोधानन्दको आग्रहमा भगवान् बुद्धको जीवनी पद्यमयरूपमा लेखनुभएको थियो, जुन काठमाडौं आउनुभएपछि भिक्षु सुबोधानन्द महास्थविर स्वयं प्रकाशक हुनुभई बौद्ध ऋषि महाप्रज्ञाको त्यस पद्यमय बुद्ध-जीवनी "काव्यात्मक बुद्ध-जीवनी" को नामबाट बु.सं. २५०७ (ने.सं. १०८३) मा प्रकाशित गरिएको थियो। यस्तै एक वर्षको अवधिमा बौद्ध ऋषि महाप्रज्ञाले वि.सं. २००० सालअगाडि आफ्नै प्रेसबाट प्रकाशित "अष्टादश लक्षण व विराग मार्ग" नामक पद्यमय पुस्तकको दोस्रो संस्करणको साथै "निर्वाणमार्ग" र "शान्तिया त्वाथ:" नामक पुस्तक पनि लेखी प्रकाशित गराउनुभएको थियो।

वि.सं. २०२० सालमा श्रामणेर सुदर्शनको विशेष प्रयत्नमा गण-महाविहारको जीर्णोद्धार कार्य सम्पन्न गरी त्यहाँ स्थविरवादी भिक्षु एवं श्रामणेरहरू रहँदै आउनुभएको थियो। बौद्ध-ऋषि महाप्रज्ञा पनि सुमङ्गल विहार, पाटनपश्चात् भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि एवं श्रामणेर सुदर्शनका साथ गणमहाविहारमा रहँदै आउनुभयो। पछि आएर भिक्षु सुबोधानन्द एवं अन्य व्यक्तिहरूसित वैचारिक मतभेद हुँदै आएको कारण वहाँ (बौद्ध ऋषि महाप्रज्ञा) वि. सं. २०२६ सालको पौष



Downloaded from http://dhamma.digital

महिनामा गण–महाविहार छोडी बलम्बूको प्रणिधिपूर्ण महाविहारमा रहन जानुभएको थियो, जहाँ रहनुभएको ५ दिनपछि नै वहाँलाई पुरानो वातरोगको असर अनुरूप खुट्टा दुख्न शुरूभयो। अतः वहाँलाई केही श्रद्धावान् उपासकोपासिकाहरूले अन्यत्र एक ठाउँमा प्रबन्ध गर्ने सल्लाह गरे अनुरूप बागबजारस्थित आशारत्न उपासकले प्रदान गरेको दुई आना भरको एउटा जग्गामा सबैको सहयोगबाट एउटा आश्रम तयार गरियो जुन "धर्मचक्र आश्रम" कहलाइयो।

१२ बैशाख २०२७ का दिन जग हाली निर्माण कार्य शुरू गरिएको त्यस आश्रम २५ जेष्ठ २०२७ (जेष्ठ शुक्ल द्वितीया— महाप्रज्ञाको ७० औं जन्मोत्सव) का दिन उद्घाटन गरिएको थियो। त्यस उद्घाटन महोत्सवमा 'चवसापासा', र 'नेपालभाषा परिषद' का विभिन्न कविवरहरूका साथ अन्य गण्यमान्य महानुभावहरू पनि उपस्थित हुनुभएको थियो। त्यस उद्घाटन समारोहमा धर्मरत्न 'यमि', शान्ति सौरभ, माष्टर कुञ्जबहादुर आदि विद्वद्वर्गले वहाँको देन बारेमा बोल्नुभएको थियो।

'कविकेकरी' चित्तधर 'हृदय' ले पनि— "महाप्रज्ञा 'चवसापासा' को तर्फबाट 'साहित्यसुता' उपाधि प्राप्त (२०१३ सालमा) गरेका एक सफल नेपालभाषाका गद्य–पद्य



Downloaded from http://dhamma.digital

लेखक एवं विशिष्ट बौद्ध–धर्म प्रचारक हुन्" भनी बोल्नुभएको थियो ।

यस उद्घाटन महोत्सवका प्रमुख आयोजक हुनुभएकाहरूमा एक शाक्यमुनि उपासकले वहाँको ७० औं जन्मोत्सवको उपलक्ष्य लिई "कर्मस्थानाचार्य बौद्ध ऋषि महाप्रज्ञाया संक्षिप्त जीवनी" नामक एक पुस्तक पनि प्रकाशित गरी वितरण गर्नुभएको थियो ।

तर अफशोच ! वहाँको निमित्त विशेषरूपमा बनिएको त्यस "धर्मचक्र आश्रम" मा पनि पछि आएर कलह उत्पन्न भयो । वहाँले त्यस आश्रमलाई पनि छोडी डिल्लीबजार घट्टेकुलोमा एक अन्य स्थायी आश्रमको प्रबन्ध गर्नुभयो, जुन आश्रमको शिलान्यास ( जग ) १ फागुन २०२९ का दिन भएको थियो । त्यस आश्रममा वहाँ १५ पौष २०३० का दिनदेखि स्थायीरूपमा रहनुभएको थियो ।

"बौद्ध ऋषि महाप्रज्ञा आश्रम" नामकरण गरिएको त्यस आश्रममै वहाँले आफ्नो शेष करुणमय रोगी जीवन (५ वर्ष) बिताउनु भई ९ चैत्र २०३५ ( नवमी–चिल्लागा १०९९ ने. सं. ) का दिन आफ्नो इहलीला समाप्त गरेर जानुभएको थियो ।



Downloaded from http://dhamma.digital

## —सन्दर्भ—


१) कर्मस्थानाचार्य बौद्ध ऋषि महाप्रज्ञाया संक्षिप्त जीवनी

—शाक्यमुनि उपासक

—धर्मचक्र आश्रमया उपासकोपासिका

बागबजार, काठमाडौं— वि. सं. २०२७

२) साहित्यसुता, कर्मस्थानाचार्य व बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा

—सम्पादन—दरशा नेवाःमि

—सकल उपासकोपासिका, ऋषि आश्रम

डिल्लीबजार, काठमाडौं—

ने. सं. ११०३, ११०६

३) क्यान्छ्यालामा व ङोन्दु लुमन्ति मुना

—सत्यमोहन जोशी

—बोधि प्रकाशन केन्द्र, यल— ने. सं. १११०




Downloaded from http://dhamma.digital

४) नेपालय् "स्थविरवाद" गुकथं वःगु खः

—लाकौल, बैकुण्ठप्रसाद

—मालती लाकौल, महाबुद्ध काठमाडौं—

ने. सं. ११०५

५) शाक्यमुनि विहारया ऐतिहासिक परिचय (सप्तबोध्यङ्ग धर्म भावना)

—भिक्षु सुबोधानन्द

—पुण्यधन सपरिवार

भोजपुर–टक्सार, सगरमाथा अञ्चल—

वि. सं. २०३०

★ ★ ★



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## लेखकका प्रकाशित पुस्तकहरू

१) नेपालको इतिहासमा कलङ्कित घटना
२) भिक्षु धर्मालोक महास्थविर
३) बौद्ध जगतका स्मरणीय व्यक्तिहरू (प्रथम भाग)
४) बाबा साहेब डा. अम्बेडकर
५) अनागारिका धम्मावती
६) 'पियदस्सि' पं. जवाहरलाल नेहरू
७) भिक्खुत्रयी
८) भिक्षु ऊ. चन्द्रमणि महास्थविर
९) महान् उपन्यासकार प्रेमचन्द्र
१०) जीवनयात्रा में दार्शनिक दृष्टियाँ (प्रस्तुति)
११) मनू ह्यसीकेगु गय ?
१२) बौद्ध–ऋषि महाप्रज्ञा

* * *

Downloaded from http://dhamma.digital